**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २८ सितम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले भोकल फर लोकलको मन्त्रलाई स्मरण गर्नुहुँदै आगामी चाडपर्वको मौसमलाई स्वदेशी उत्पादनहरूसँग मनाउन जनतालाई आग्रह गर्नुभएको छ।
- चाड़-पर्वको मौसममा यात्रीहरूको व्यापक भीड़लाई मध्यनजर गर्दै दक्षिण पूर्व रेलवेले केही रेल सेवाहरूमा अस्थायी रूपमा अतिरिक कोच जोड़्ने निर्णय लिएको छ।
- दार्जिलिंग पहाड लगायत तराई अनि डुवर्सकाका विभिन्न क्षेत्रहरुमा भोलि महासप्तमीको दिन निकालिने फूलपाती शोभा यात्राको तयारी लगभग पुरा भएको छ।
- डुवर्सको नगरकट्टा ब्लकअन्तर्गत रहेको धरनीपुर चियाकमान दुर्गा पूजाको ठीक दुई दिनअघि बन्द भएको छ। अर्को तर्फ जलपाईगुडीको नागेश्वरी चिया बगानका प्रबन्धकले श्रमिकहरूलाई १० प्रतिशत बोनस नगदमा दिन सुरु गरेको छ।
- बिहारमा आयोजित अन्तर्राष्ट्रिय साहित्य महोत्सव 2025 उन्मेषमा सोनादाका कवि नरेश कटुवालले सहभागिता जनाउनु भएको छ।

**मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले भोकल फर लोकलको मन्त्रलाई स्मरण गर्नुहुँदै आगामी चाड पर्वको मौसमलाई स्वदेशी उत्पादनहरूसँग मनाउन जनतालाई आग्रह गर्नुभएको छ। आज आकाशवाणीमा मन की बात कार्यक्रमको १२६ औं श्रृङ्खलामा श्रोताहरूसँग आफ्नो विचार साझा गर्नु हुँदै उहाँले आगामी दिनहरूमा धैरै चाडपर्वहरू आउदै गरेको अनि जीएसटी बचत महोत्सव पनि चलिरहेको बताउनुभयो। श्री मोदीले स्वदेशी उत्पादन किन्नले परिवारमा खुशी ल्याउनुका साथै कारीगर अनि युवा उद्यमीलाई सहयोग हुने बताउनु भयो। प्रधानमन्त्रीले छठ पूजा अब विश्वव्यापी पर्व बन्दै गएको बताउनु भयो। उहाँले छठ महापर्वलाई युनेस्को सांस्कृतिक सम्पदा सूचीमा समावेश गर्न सरकार प्रयासरत रहेको बताउनु भयो। उहाँले सरकारले गरेको यस्तै प्रयासका कारण कोलकाताको दुर्गा पूजालाई युनेस्को सूचीमा समावेश गरिएको बताउनु भयो। प्रधानमन्त्रीले आज स्वतन्त्रता सेनानी भगत सिंह अनि लता मंगेशकरको जन्मजयन्तीमा श्रद्धाञ्जली अर्पण गर्दै उनीहरूलाई देशका लागि प्रेरणाको स्रोत बताउनुभयो। २ अक्टोबर गान्धी जयन्तीको दिन खादीका सामान किन्न गर्न अनि सामाजिक सञ्जालमा ह्यासट्याग भोकल फर लोकल प्रयोग गर्न अपील गर्नुभयो। साथै हथकरघा र हस्तशिल्प क्षेत्रमा भइरहेको प्रगतिप्रति सन्तोष व्यक्त गर्दै नवप्रवर्तनका उदाहरणहरू प्रस्तुत गर्नुभयो। उहाँले भन्नु भयो यो विजयादशमीको विशेष महत्व छ किनकि राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) विजयादशमीको दिन आफ्नो १०० औं वर्ष पूरा गर्दैछ। श्री मोदीले यस अवसरमा आरएसएसका सबै कार्यकर्ताहरूलाई शुभकामना दिनुभयो। यसको साथै उहाँले ७ अक्टोबरमा पालन गरिने महर्षि वाल्मीकि जयन्तीको अवसरमा देशका मानिसहरुलाई शुभकामना व्यक्त गर्नुभयो।

**रेलवे अतिरिक्त कोच**

चाड़-पर्वको मौसममा यात्रीहरूको व्यापक भीड़लाई मध्यनजर गर्दै दक्षिण पूर्व रेलवेले केही रेल सेवाहरूमा अस्थायी रूपमा अतिरिक कोच जोड़्ने निर्णय लिएको छ। यो व्यवस्था हिज २७ सितम्बर देखि आगामी ८ अक्टोबरसम्म लागू रहनेछ। रेलवे अनुसार तरागाछी–दिघा–सन्तरागाछी स्पेशलमा २७ सेप्टेम्बर र ४ अक्टोबरमा एक एके एउटा-एउटा सामान्य कोच जोडिने छ। यसै गरीए सन्तरागाछी–दिघा–सन्तरागाछी स्पेशलमा २८ सेप्टेम्बर र ५ अक्टोबरमा एउटा-एउटा सामान्य श्रेणीको कोचलाई जोड़िनेछ। हावड़ा–पुरी एक्सप्रेसमा २७ सितम्बरदेखि ८ अक्टोबरसम्म एउटा स्लीपर कोचए सन्तरागाछी–

यशवन्तपुर एक्सप्रेसमा २ अक्टोबरमा दुईवटा एसी-२ टियर कोच र अन्य केही रेल सेवाहरूमा सेकण्ड सीटिंग एवं सामान्य श्रेणीको अतिरिक्त कोच जोड़िनेछ। रेल अधिकारीहरुले बताए अनुसारए यो व्यवस्था कोचहरूको उपलब्धता तथा निर्धारित भार सीमालाई ध्यानमा राखेर गरिँदैछ। यात्रीहरूसित उनीहरूले आफ्नो यात्राको योजना यी सुविधाहरूलाई ध्यानमा राखेर बनाउन अपील गरिएको छ।

**<u>पुलिस नोटिस</u>**

कलकता पुलिसले पूजा पाण्डलमा लाइट अनि साण्उड शो संचालित गर्ने एउटा कम्पनीलाई नोटिस जारी गरेको छ। पुलिसले कम्पनीसित लाइसेन्स, आयोजकहरूसित भएको सम्झौता, जी.एस.टी कागज पत्र अनि साउण्ड नियमितसित जोड़िएको कागज पत्र सहित धेरै जानकारी मागेको छ। साथै पुलिसले पूजा समिति सन्तोष मित्रा स्क्वायरसित पनि अनुमति पत्र मागेको छ। कलकता हाई कोर्ट अनि प्रदूषण नियन्त्रण बोर्डको आदेश अनुरूप पुलिसले यो कार्यवाही गरेको बताइएको छ। पुलिसको यस कार्यवाही पछि विवाद बढ़ेको छ। यो पूजा भाजपा पार्षद सजल घोषको नेतृत्वमा आयोजन भइरहेको छ भने केन्द्रीय गृहमन्त्री अमित शाहले यस पूजाको उद्घाटन शुक्रबार गर्नुभएको थियो। सजल घोषले सोशियल मीडिया मार्फत प्रशासन अनि पुलिसले षड़यन्त्र गर्दै पूजा रोक्ने आरोप लगाउनु भएको छ।

**<u>स्वच्छ भारत अभियान</u>**

श्री सतपालजी महाराजको प्रेरणामा मानव उत्थान सेवा समितिद्वारा २७ र २८ सेप्टेम्बरका दिन देशव्यापी रूपमा सेवा पखवडाअन्तर्गत स्वच्छ भारत अभियान सञ्चालन गरियो। यस क्रममा उत्तर—पूर्वाञ्चल क्षेत्रमा सिक्किम, दार्जिलिङ, कालेबुङ, खरसाङ, मिरिक, मङपु, बिजनबारी र झोलङ डुवर्सका विभिन्न स्थानमा सरसफाई कार्यक्रम गरिएको छ। समितिको सिलगढी तहसिलले अध्यक्ष महात्मा दीपिका बाईजी र महात्मा महेश्वरी बाईजीको नेतृत्वमा सिलगढी जिल्ला अस्पताल सफा गर्नुका साथै अस्पताललाई डस्टबिन हस्तान्तरण पनि गरिएको छ।

**<u>फूलपाती</u>**

दार्जिलिंग पहाड लगायत तराई अनि डुवर्सकाका विभिन्न क्षेत्रहरुमा भोलि महासप्तमीको दिन निकालिने फूलपाती शोभा यात्राको तयारी लगभग पुरा भएको छ। यता कालेबुङमा भोली फूलपाती शोभा यात्रा भव्य रूपमा सम्पन्न गरिने भएको छ। फूलपाती शोभा यात्रा आयोजक समिति गोर्खा संस्कृति संरक्षक समिति अनि सूचना एवं संस्कृति विभागको संयुक्त आयोजनामा कालेबुङमा फूलपाती आयोजना गरिने सचिव राम प्रसाद रोकाले बताउनु भएको छ।

**<u>नागेश्वरी चिया बगान बोनस</u>**

जलपाईगुडी जिल्लाको मालबजार महुकुमा अन्तर्गत नागेश्वरी चिया बगानका प्रबन्धकले श्रमिकहरूलाई १० प्रतिशत बोनस नगदमा दिन सुरु गरेको छ। कडा पुलिस सुरक्षाबीच आज बिहान चिया बगान कारखानामा बोनस वितरण सुरु भएको छ। उल्लेखनीय छ कि नागेश्वरी चिया बगानका श्रमिकहरूले गत शुक्रबार अनि शनिबार २० प्रतिशत बोनसको माग गर्दै चालसा मेटेली राज्य राजमार्ग अवरुद्ध गरेका थिए। श्रमिकहरूले हिजो साँझ आफ्नो विरोध प्रदर्शन समाप्त गरे। अलिपुरद्वारका लोकसभा सांसद मनोज टिग्गा अनि नगरकाटा विधानसभा क्षेत्रकी विधायक पूना भेङ्ग्रा पनि श्रमिकहरूको विरोधमा सामेल हुनु भएको थियो। हिजो पनि पुलिसले प्रदर्शनकारी श्रमिकहरूमाथि लाठीचार्ज गरेको आरोप छ। यसअघि २० सितम्बरमा बागान अधिकारीहरूले पूजा पर्व अघि १० प्रतिशत बोनस, ३१ डिसेम्बर सम्ममा पाँच प्रतिशत र फगवा अर्थात होली पर्वको समयमा बाँकी पाँच प्रतिशत बोनस दिने घोषणा गरेका थिए। यद्यपि, श्रमिकहरू यो दरमा बोनस स्वीकार गर्न अनिच्छुक थिए। तर प्रशासनको पहलपछि आज बिहान १० प्रतिशत बोनस नगदमा वितरण गर्न थालियो। बोनस लिन श्रमिकहरूको भीड जम्मा भयो।

**<u>चियाकमान बन्द</u>**

डुवर्सको नगरकट्टा ब्लकअन्तर्गत रहेको धरनीपुर चियाकमान दुर्गा पूजाको ठीक दुई दिनअघि बन्द भएको छ। कमानको वर्तमान समस्यालाई लिएर राज्यको सत्तासिन दल तृणमूल कंग्रेस र भाजपाबीच आरोप-प्रत्यारोपको क्रम शुरू भएको छ।

*बाइट*

*आज तृणमूल चा बगान श्रमिक केन्द्रीय कमिटीका उपाध्यक्ष सञ्जय कुजुरले कमान बन्द हुनु र वर्तमान अवस्था सिर्जना हुनुमा भाजपाको ठूल हात रहेको आरोप लगाएउनु भएको छ। श्री कुजुरको आरोपअनुसार राज्य सरकारले २० प्रतिशत बोनस दिने घोषणा गरेपछि डुवर्सका रूग्न अवस्थामा रहेकोलगायत प्रायः सबै चियाकमानमा २० प्रतिशतको दरले बोनस दिइरहेको थियो र धरनीपुर चियाकमानमा पनि सोहीअनुरूप दिइने कुरा भइसकेको थियो र निर्णय पनि भएको हो। तर अचानक कमानमा पाँच महिना काम गरेको बोनस मात्र श्रमिकहरूले पाउने हल्ला फैलिएपछि यो समस्या देखा परेको हो। यो समस्या निम्त्याउनमा विरोधी भाजपाका नेताहरू नै रहेको तिनको आरोप छ। अर्को तर्फ यसै विषयलाई लिएर जलपाइगढी जिल्ला बीटीडब्ल्यूयूका जेनरल सेक्रटरी मनोज भुजेलले प्रतिक्रिया व्यक्त गर्दै धरनीपुर चियाकमानको वर्तमान अवस्थाका लागि तृणमूल सरकार र तृणमूलका नेताहरू जिम्मेवार रहेको आरोप लगाउनु भएको छ। दुर्गा पुजा शुरू भइसकेको छ र दशैँ पनि मुखैमा छ। यस्तोमा नगरकट्टाको धरनीपुर चियाकमान अचानक बन्द हुँदा चियाश्रमिकहरू बिचल्लीमा परेका छन्। अर्को तर्फए नगरकट्टा ब्लककै ग्रासमोड चियाकमानमा हिजो बोनस दिने कुरा भएको थियोए तर पनि बोनस दिइएन। आज आइतबार सरकारी कार्यालय र व्याङ्क बन्द छन्। यस्तो स्थितिमा ग्रासमोड चियाकमानका श्रमिकहरूले बोनस पाउने हो होइनन् भन्ने ठूलो प्रश्न खडा भएको छ।*

## साहित्य महोत्सव

अन्तर्राष्ट्रिय साहित्य महोत्सव 2025 उन्मेषमा सोनादाका कवि नरेश कटुवालले सहभागिता जनाएका छन्। भारत सरकारको संस्कृति मन्त्रालय अन्तर्गत साहित्य अकादमी नयाँ दिल्ली अनि बिहार सरकारको संयुक्त आयोजनामा आयोजित यस समारोह बिहारको राजधानी पटनास्थित सम्राट अशोक कन्भेन्सन सेन्टरमा आयोजना गरिएको थियो। समारोहमा विश्वका 16 वटा भाषाहरू लगायत भारतका 100 भाषाहरूका 600 भन्दा अधिक साहित्यकारहरूको समागम रहेको थियो। गत 25 सेप्टेम्बरदेखि आईतबार 28 सेप्टेम्बरसम्म आयोजना गरिएको समारोहमा चारै दिन विभिन्न सत्रहरू भव्य रूपमा सम्पन्न भयो। यस समारोहमा सोनादाका कवि नरेश कटुवालले मौलिक स्वर बहुभाषी कवि सम्मेलन अन्तर्गत कविता नेपाली तथा हिन्दीमा वाचन गर्नु भएको थियो। यस समारोहको अन्य सत्रहरूमा नेपाली भाषी कविको रूपमा नरेश कटुवाल, दक्षिणा गजुरेल, असम तथा कवि शरन मुस्कान थिए भने कथा वाचनमा असमबाट चिन्तामणि शर्माले नेपाली साहित्यकारका रूपमा आफ्नो प्रस्तुति दिनु भएको थियो।

***********